

## फोहोर कम गर्नको लागी बनाइएको

# बिन गुड गाइड

ccc.govt.nz/bingood

Updated June 2025

Christchurch
City Council

# म फोहर कम गर्नको लागी बिन गुड गाइड प्रयोग गर्छु

सही वस्तुहरू सही बिनमा राखेर, तपाईंले ल्यान्डफिलमा जाने फोहोरको मात्रा कम गर्न मद्दत गरिरहनुभएको छ। यसले पैसा बचत गर्छ र वातावरणको लागि पनि राम्रो गर्छ ।

**आफ्नो बिन पहिचान गर्नुहोस्**

तपाईंको बिन हराएको वा टुटेफुटेको अवस्थामा पहिचान गर्नु महत्त्वपूर्ण हुन्छ। कृपया तल आफ्नो बिनको सिरियल नम्बरहरू राख्नुहोस्।

## मेरा बिनहरू

### म जैविक पदार्थहरू सही बिनमा राख्छु



तपाईंको हरियो बिनमा सही कुराहरू राखेर, तपाईंले हामीलाई स्थानीय रूपमा उत्पादित जैविक कम्पोस्ट बनाउन सम्भव बनाइरहनुभएको छ। यदि गलत कुराहरू हरियो बिनमा गयो भने, सम्पूर्ण ट्रक लोड ल्यान्डफिलमा लानुपर्ने हुन सक्छ।

प्रत्येक दुई हप्ता सङ्कलन गरिने

बिन सिरियल नम्बर:

### म रिसाइकल गर्न मिल्ने पदार्थहरू सही बिनमा राख्छु



तपाईंको पहेंलो बिनमा सही कुराहरू राखेर, तपाईंले हामीलाई रिसाइकल गर्न सम्भव बनाइरहनुभएको छ। यदि गलत सामान पहेंलो बिनमा गयो भने, सम्पूर्ण ट्रक रिसाइकल गर्नुको सट्टा ल्याण्डफिलमा लानुपर्ने हुन सक्छ।

प्रत्येक दुई हप्तामा सङ्कलन गरिने

बिन सिरियल नम्बर:

### म फोहर पदार्थहरू सही बिनमा राख्छु



तपाईंको रातो बिनमा सही कुराहरू राखेर, तपाईंले अन्य बिनहरूलाई दूषित पदार्थहरूबाट मुक्त राख्दै हुनुहुन्छ। यदि दुबिधा भएमा हाम्रो एपमा रहेको उपयोगी लुक-अप सुबिधा प्रयोग गर्नुहोस् वा हाम्रो वेबसाइट हेर्नुहोस्।

प्रत्येक दुई हप्तामा सङ्कलन गरिने

बिन सिरियल नम्बर:

# म जैविक पदार्थहरू सही बिनमा राख्छु

खाना र बगैंचाको फोहोर मात्र आफ्नो हरियो जैविक बिनमा राख्नुहोस्।

**याद राख्नुहोस्:**

कागजको तौलिया र चियाको झोला तपाईंको रातो बिनमा जान्छन्।



फलफूल, तरकारी र खानाका टुक्राहरू



अनाज, पास्ता र चामल



बाँकी रहेको मासु, हड्डी, शंख र माछा



रोटी, पेस्ट्री र बेकरीका सामानहरू



काटिएका फूलहरू, र काटिएका हाँगाहरू



बगैंचाको फोहोर
(फ्ल्याक्स र क्याबेज रूखका पातहरू बाहेक)



कफीको दानाहरू,
धुलो र खुल्ला चिया पत्तिहरू



पनीर, अण्डा र बटर



पातहरू

# म रिसाइकल गर्न मिल्ने पदार्थहरू सही बिनमा राख्छु

तलका वस्तुहरू मात्र तपाईंको पहेंलो रिसाइक्लिंग बिनमा राख्नुहोस्।

**याद राख्नुहोस्:**
आफ्ना बोतलहरू, टिनहरू, क्यानहरू र प्लास्टिक कन्टेनरहरू धुनुहोस्। निश्चित गर्नुहोस् कि तिनीहरू खुल्ला छन् र कुचिएका छैनन्। तिनीहरूका बिर्कोहरू आफ्नो रातो बिनमा राख्नुहोस्।



खाली पिज्जा बक्सहरू
(खानाका टुक्राहरू हटाइएका)



खाना र पेय पदार्थका टिन र क्यानहरू



पारदर्शी र रंगीन गिलासका बोतलहरू र जारहरू



प्लास्टिकको मासुको ट्रेहरू

1 2 5



प्लास्टिकका कन्टेनरहरू
(दहीको भाँडोभन्दा ठूला, ४ लिटर र सोभन्दा कम)

1 2 5



फ़ोल्ड गरेको कार्डबोर्ड र अण्डाको कार्टनहरू



कागज
जस्तै खामहरू, पत्रिकाहरू, साधारण खामभन्दा ठूला ब्रोसरहरू



प्लास्टिकका बोतलहरू
(दहीको भाँडोभन्दा ठूला, ४ लिटर र सोभन्दा कम)

1 2 5



खाली सफाई कन्टेनरहरू
(दहीको भाँडोभन्दा ठूला, ४ लिटर र सोभन्दा कम)

1 2 5

# म फोहर पदार्थहरू सही बिनमा राख्छु

सामान्य फोहोर र तलका वस्तुहरू मात्र आफ्नो रातो फोहोर बिनमा राख्नुहोस्।

**याद राख्नुहोस्:**
सकेसम्म फोहोर कम गर्नुहोस्। यदि तपाईंलाई कुन कुरा कहाँ जान्छ भन्ने थाहा छैन भने, तपाईंले हाम्रो **क्राइस्टचर्च बिन्स एपमा** पूर्ण सूची हेर्न सक्नुहुन्छ।



सबै ढक्कनहरू र साना प्लास्टिकका वस्तुहरू
(दहीको भाँडो भन्दा सानो)



कागजको तौलिया,
खानामा फोहोर भएको कार्डबोर्ड
र टुक्रा पारिएको कागज



काठको टुक्राटाक्रिहरू, फ्ल्याक्स र
क्याबेज रुखका पातहरू



चिसो खरानी
(खरानीलाई कम्तिमा ५ दिनसम्म चिसो हुन दिनुहोस् र रातो बिनमा झोलामा राख्नुहोस्)



नरम प्लास्टिकहरू
जस्तै किनमेल झोला, बबल र्‍याप,
स्त्रिङ्क र्‍याप, चिप प्याकेटहरू र बिस्कुट ट्रेहरू



सबै कम्पोस्टेबल र
बायोडिग्रेडेबल झोलाहरू,
र प्याकेजिङ



खाली तरल कार्टनहरू
जस्तै जुस र दूध



एरोसोल क्यानहरू



सामान्य फोहोर
जस्तै न्याप्पीहरू, भाँचिएका खेलौनाहरू,
कपहरू र प्लेटहरू



चियापत्तीको थैलीहरू



थोत्रा जुत्ता, लुगाकपडा,
ओछ्यान र कपडा

# इकोड्रप रिसोर्स रिकभरी सेन्टरमा नि:शुल्क फाल्नुहोस्

## खतरनाक घरायसी सामानहरू

तपाईंको नजिकको इकोड्रप खोज्न
**ccc.govt.nz/hazardouswaste** मा हेर्नुहोस्



सबै सवारी साधन,
उपकरण र घरायसी ब्याट्रीहरू



अनावश्यक, प्रयोग नगरिएका
वा पुराना घरायसी तरल रसायनहरू,
क्लिनरहरू र सुख्खा रसायनहरू



पुरानो वा म्याद सकिएका
घरायसी आगो निभाउने उपकरणहरू



क्याम्पिङ ग्यास क्यानिस्टरहरू,
हेलियम बोतलहरू र ग्यासका बोतलहरू



अनावश्यक, प्रयोग नगरिएका
वा पुराना पेन्टहरू र घोलकहरू



अनावश्यक,
प्रयोग नगरिएका वा पुराना तेल

## भत्केका र अनावश्यक घरायसी सामानहरू



उपकरणहरू जस्तै माइक्रोवेभ, फ्रिज, ड्रायर, भ्याकुम क्लिनर,
वाशिङ मेसिन, केटलहरू, जग, भाँडा र प्यानहरू



उपकरणहरू र गार्डेनका सामानहरू

# बिनको लागि राम्रा सुझावहरू !



## १. बिनका ढक्कनहरू पुरै बन्द गर्नुहोस् ।

सङ्कलन सुनिश्चित गर्न बिनका ढक्कनहरू पुरै बन्द गर्नुपर्छ। बिनको छेउमा वा माथि राखिएका वस्तुहरू सङ्कलन गरिने छैन। यदि ट्रकले धेरै भरिएको छ भने बिन उठाउन सक्दैन, वा धेरै लोड भएको बिन खाली गर्न सक्दैन।



## २. धेरै भारी नबनाउनुहोस् र टाढा नराख्नुहोस्

बिनहरू ७० किलोग्राम भन्दा कम छन् भनी सुनिश्चित गर्नुहोस् र तिनीहरूलाई फुटपाथ वा घाँसे मैदानमा एकअर्काबाट लगभग ५० सेन्टिमिटर टाढा राख्नुहोस्।



## ३. पछिल्लो समयमा तिनीहरूलाई बाहिर राख्नुहोस्

सङ्कलनको दिन बिहान ६ बजे अघि तपाईंलाई उपयुक्त हुने पछिल्लो अवसरमा बिनहरू बाहिर राख्नुहोस्। यसले छेडछाड रोक्न मद्दत गर्न सक्छ। राति ११ बजे अघि खाली गरिसकेपछि तिनीहरूलाई भित्र ल्याउन नबिर्सनुहोस्।



## ४. आफ्नो बिन पहिचान गर्नुहोस्

तपाईंको बिनहरू निजीकृत गर्नाले तिनीहरू सडकमा हुँदा तिनीहरूलाई पहिचान गर्न मद्दत गर्दछ।

बिनको ढक्कन वा तपाईंको बिनको छेउमा आफ्नो एकाइ नम्बर लेख्नुहोस्।
आफ्नो बिनको ह्यान्डल वरिपरि रिबन बाँध्नुहोस्।
आफ्नो बिनको पछाडि स्टिकर राख्नुहोस् वा **ccc.govt.nz/contact-us** मा प्रतिस्थापन ठेगाना स्टिकर अनुरोध गर्नुहोस् (सिरियल नम्बरहरू आवश्यक हुन्छन्)



## ५. हराएको वा क्षतिग्रस्त बिनको बारेमा रिपोर्ट गर्नुहोस्

प्रतिस्थापन लागत खर्चबाट बच्न फोहर संकलन भएको ४८ घण्टा भित्र हराएको वा क्षतिग्रस्त बिन रिपोर्ट गर्नुहोस्। **03 941 8999** मा फोन गर्नुहोस् वा **ccc.govt.nz/mybins** मा अनलाइन रिपोर्ट गर्नुहोस् ।



## ६. आफ्नो बिनको साइज परिवर्तन गर्न चाहनुहुन्छ?

आफ्नो हरियो वा पहेंलो बिनको साइज परिवर्तन गर्न चाहनुहुन्छ? हामीलाई **03 941 8999** मा कल गर्नुहोस् वा **ccc.govt.nz/mybins** मा अनलाइन आवेदन दिनुहोस् ।

# बिनको राम्रो प्रयोगको लागी धन्यवाद!

## फोहोर कम गर्न चाहनुहुन्छ?

थप फोहोर सुझावहरूको लागि, हाम्रो वेबसाइट हेर्नुहोस् वा क्राइस्टचर्च बिन्स एप डाउनलोड गर्नुहोस्।

**ccc.govt.nz/bingood**




### र सम्झनुहोस्:

सबै टेकवे कप र कन्टेनरहरू
रातो बिनमा जान्छन्!



INF8017 June 2025 – Nepali

Christchurch City Council